# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक २६ ❖ २०८२ माघ १४ गते बुधबार ❖ Wednesday, 28 Jan, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


## हर्षोल्लासका मनाइयो सोनाम ल्होछार

### राष्ट्रिय कलाकार फूलकुमार, सेलोगायक मदनको बेजोड प्रस्तुति



**- बबिलाल तामाङ**

भरतपुर / भरतपुरका तामाङ समुदायले हर्षोल्लासका २८६२औं सोनाम ल्होछार मनाएको छ।

भरतपुर नगर तामाङ समाजको आयोजनामा ल्होछारको अवसर पारेर शनिबार छेच्यु थर्पलिङ गुम्बा भरतपुर-११, भोजाडमा ल्होछारको अवसर पारेर शुभकामना आदान-प्रदान तथा विविध साँस्कृतिक कार्यक्रम गरिएको थियो।

समाजका अध्यक्ष सूर्यप्रकाश लामाका अनुसार गुम्बामा हरेक वर्ष ल्होछारकै दिनमा गरिने यस कार्यक्रमलाई यो पटक ल्होछारको पहिलो शनिबार गर्ने निर्णय भए ल्होछार मनाइएको हो।

सर्प वर्गको बिदाइसँगै घोडा वर्गको स्वागत गर्दै ल्होछार मनाइएको उनले बताए। तामाङ जातिको भाषा, धर्म, संस्कार र संस्कृति संरक्षणका लागि पनि सोनाम ल्होछारमा गरिने कार्यक्रमले विशेष भूमिका खेल्ने उनको विश्वास छ।

कार्यक्रममा भरतपुर महानगर-पालिका वडा नं. १० का वडाअध्यक्ष परमेश्वर खनाल प्रमुख अतिथि रहेका थिए। उनले पानसमा दियो बालेर कार्यक्रमको उद्घाटन गरे। कार्यक्रममा प्रमुख अतिथि खनालले सम्पूर्ण तामाङ समुदायहरुलाई महान पर्व सोनाम ल्होछारको शुभकामना व्यक्त गरे।

उनले पुरानो पुस्तामा भएको ज्ञान र अनुभवलाई नयाँ पुस्तामाझ लैजानका लागि यस्ता कार्यक्रमले महत्व राख्ने बताए। भरतपुर नगर तामाङ समाजले कार्यक्रम आयोजना गर्दा त्यसको प्रभाव नगर क्षेत्रमा मात्र नभई धेरै ठाउँमा पर्न सक्ने उनको भनाइ थियो।

नेपाल तामाङ घेदुङ बागमती प्रदेश सचिवालय सदस्य श्रीप्रसाद तामाङले तामाङसहितका आदिवासी जनजाति समुदाय सधैं प्रयोगमात्रै हुने गरेको बताउँदै अबका दिनमा प्रयोग हुनबाट बच्न सचेत गराए।

फागुन २१ नजिकिँदै गर्दा त्यसपछि आउन सक्ने परिणामबारे आजैबाट विचार पुऱ्याउनुपर्ने उनले बताए। 'हाम्रो घरबाट माथिल्लो तहसम्म हामी सधैं प्रयोगमात्रै भइरह्यौं। त्यसैले अब पनि विचार नगरे अझै पछाडि धकेलिन्छौं', प्रतिनिधिसभा निर्वाचनमा विवेक प्रयोग गर्ने विषय कोट्याउँदै उनले भने, 'अब हामी संस्कृतिमा मात्रै होइन, विचारमा पनि धनी हुन आवश्यक छ।'

नेपाल आदिवासी जनजाति

(बाँकी ४ पेजमा)

## रत्ननगर महोत्सवको समापन

### २७ करोड बढीको कारोबार



रत्ननगर। रत्ननगरको टिकौली चौरमा आयोजना गरिएको रत्ननगर महोत्सवको १३औं संस्करण बुधबार सम्पन्न भएको छ। रत्ननगर उद्योग वाणिज्य संघको आयोजना तथा रत्ननगर नगरपालिका संरक्षक रहेको सो महोत्सव पौष २५ गतेबाट सुरू भएको थियो। १३ दिनसम्म सञ्चालन भएको उक्त महोत्सव ४ लाख ५० हजारले अवलोकन गरेको र २७ करोडको कारोबार भएको संघका कोषाध्यक्ष विनोद घिमिरेले जानकारी दिए।

यसपटकको महोत्सवमा रामजानकी मन्दिरको मूल गेट निर्माण गरिएको थियो। महोत्सव अवलोकन गर्न आएका अधिकांशले रामजानकी गेटमा फोटो र भिडियो खिचेका छन्। महोत्सवअन्तर्गत गरिएको मह उत्सव उत्पादन र बजारीकरणको हिसाबले कोसेढुङ्गा साबित भएको छ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख नारायणप्रसाद अधिकारीले रत्ननगर महोत्सवले जिल्लाको कृषि, पर्यटन, उद्योग, स्थानीय उत्पादनको बजारीकरण तथा उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्पर्क सेतुको काम गर्न सफल भएको बताए। मुलुक विषम परिस्थितिमा गुज्रिरहेको बेला आयोजना गरिएको महोत्सव सफल हुनु नै सबैभन्दा ठूलो कुरा रहेको भन्दै उनले यसले जिल्लाको आर्थिक विकासमा सहयोग पुगेको

(बाँकी ६ पेजमा)

## क्षयरोग पत्ता लगाउन बजेट अभाव

**४० प्रतिशत बिरामी उपचार बाहिर**




चितवन। जनस्वास्थ्य कार्यालय चितवनले सौराहामा आयोजित क्षयरोगको रोकथाममार्फत क्षयरोग अन्त्य गर्ने परियोजनाको समीक्षा र योजना कार्यशालामा सरोकारवालाले क्षयरोग अन्त्यका लागि सुषुप्त क्षयरोगी पत्ता लगाउन जोड दिएका छन्।

कार्यक्रममा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा. भुवन पौडेलले सरकारको महत्त्वाकाङ्क्षी लक्ष्यअनुरुप सुषुप्त क्षयरोगको परीक्षण, स्क्रिनिङ र प्रभावकारी उपचारमार्फत सन् २०३५ सम्ममा क्षयरोगीको संख्या ३५०० भन्दा कम र सन् २०५० सम्ममा ५० भन्दा कम गरी लक्ष्य हासिल हुनेगरी काम गर्न आवश्यक रहेको बताए।

उनले सुषुप्त क्षयरोगको निदान र उपचारका लागि पाइलट

(बाँकी ३ पेजमा)

## गैंडाकोट महोत्सवमा २० करोड बढीको कारोबार

गैंडाकोट। नवलपुरको गैंडाकोट वडा नं. २, नवलपुरस्थित नारायणी नदीकिनारमा सञ्चालन भएको चौथो गैंडाकोट महोत्सव सकिएको छ। करिब दुई लाख दर्शकले महोत्सव अवलोकन गर्दा २० करोड बढीको कारोबार भएको दाबी आयोजकको छ।

महोत्सव आयोजक संस्था जिल्ला उद्योग वाणिज्य संघ गैंडाकोटका महासचिव एवम् महोत्सव सचिवालय संयोजक तेजनारायण पाण्डेले आर्थिक मन्दीका कारण महोत्सवमा अपेक्षित कारोबार नभए पनि महोत्सव सफल भएको दाबी गरे।



"हामीले २५ करोडको कारोबार हुने अनुमान गरेका थियौं", उनले भने, "आर्थिक मन्दीका कारण करिब २० करोडको कारोबार भएको प्रारम्भिक तथ्याङ्क निकालेका छौं।" यद्यपि, गैंडाकोटमा आयोजना भएको

(बाँकी ३ पेजमा)





## निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।

❖ मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।

❖ तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।

❖ मतदानस्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।

❖ महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।

❖ निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।

❖ आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।

❖ कसैको डर, त्रास, धम्की वा लोभ लालचमा नपरौं/नपारौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# न्यूजप्रवाह साप्ताहिक
Newsprabah weekly

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर-१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर-३, प्रेसमार्ग


## सम्पादकीय

### निर्वाचन आचारसंहिता पालना गरौँ

लोकतन्त्रको मेरुदण्ड मानिने निर्वाचन केवल मत खसाल्ने प्रक्रियामात्र होइन, यो जनताको सार्वभौमसत्ता प्रयोग हुने सबैभन्दा महत्त्वपूर्ण अवसर हो। निष्पक्ष, स्वतन्त्र र विश्वसनीय निर्वाचनका लागि कानुनी प्रबन्ध जति आवश्यक छन्, त्यत्तिकै महत्त्वपूर्ण हुन्छ निर्वाचन आचारसंहिताको कडाइका साथ पालना। आचारसंहिता भनेको निर्वाचनलाई मर्यादित, शान्तिपूर्ण र समान प्रतिस्पर्धायुक्त बनाउने साझा प्रतिबद्धता हो। यसको उल्लङ्घनले लोकतान्त्रिक मूल्यमा आँच पुर्‍याउने मात्र होइन, परिणामप्रति नै प्रश्न उठ्ने अवस्था सिर्जना गर्छ। निर्वाचन आचारसंहिताले राजनीतिक दल, उम्मेदवार, सरकार, सुरक्षानिकाय, सञ्चारमाध्यम र मतदातासमेत सबैका लागि आ-आफ्ना दायित्व स्पष्ट गरेको हुन्छ। सरकारी स्रोतसाधनको दुरुपयोग नगर्ने, लोभ-लालच, धम्की वा डरत्रास नदिने, झुटा प्रचार नगर्ने, सामाजिक सद्भाव बिगार्ने भाषण नगर्नेजस्ता प्रावधानहरू यसको मूल आत्मा हुन्। तर, व्यवहारमा हेर्दा आचारसंहिता कागजमा सीमित हुने र उल्लङ्घन सामान्य ठानिने प्रवृत्ति अझै हट्न सकेको छैन।

विशेषगरी निर्वाचनको मिति नजिकिँदै जाँदा भाषिक उग्रता, व्यक्तिगत आक्षेप, सामाजिक सञ्जालमार्फत भ्रामक सूचना प्रवाह, राज्यस्रोतको अप्रत्यक्ष प्रयोगजस्ता गतिविधि बढ्ने गरेको देखिन्छ। यसले मतदातालाई सही निर्णय गर्न भ्रमित बनाउने मात्र होइन, समाजमा विभाजन र अविश्वास पनि बढाउँछ। लोकतन्त्र बलियो बन्न निर्वाचनको प्रतिस्पर्धा नीति, कार्यक्रम र विचारमा केन्द्रित हुनुपर्छ, न कि शक्ति प्रदर्शन र आरोप-प्रत्यारोपमा। निर्वाचन आयोगले आचारसंहिता कार्यान्वयनका लागि अनुगमन र कारबाहीका व्यवस्था गरेको भए पनि यसको कार्यान्वयनका लागि सबै पक्षको इमानदार प्रतिबद्धता अनिवार्य छ। राजनीतिक दल र उम्मेदवारले जितभन्दा पनि प्रक्रियाको पवित्रतालाई प्राथमिकता दिनुपर्छ। अल्पकालीन लाभका लागि आचारसंहिता मिच्दा दीर्घकालीन रूपमा दल र लोकतन्त्र दुवै कमजोर हुन्छन्। त्यसैले नेतृत्व तहबाटै अनुशासन र उदाहरण प्रस्तुत हुनु आवश्यक छ।

सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताको भूमिकासमेत कम महत्त्वपूर्ण छैन। स्वतन्त्र प्रेस लोकतन्त्रको पहरेदार हो। तथ्यमा आधारित, सन्तुलित र जिम्मेवार समाचार सम्प्रेषणले मतदातालाई सचेत बनाउँछ। विपरीत, अफवाह र सनसनीखेज सामग्रीले निर्वाचनको वातावरण दूषित बनाउँछ। मतदाताले पनि आफूलाई प्राप्त सूचना छानबिन गरी प्रयोग गर्ने विवेक देखाउनुपर्छ। अन्ततः निर्वाचन आचारसंहिता कुनै बाध्यता मात्र होइन, लोकतन्त्रप्रतिको सम्मान हो। यसको पालना गर्नु सबै सरोकारवालाको साझा दायित्व हो। निष्पक्ष र मर्यादित निर्वाचनबाट मात्र जनताले दिएको मतको सही मूल्य स्थापित हुन्छ। त्यसैले यस निर्वाचनमा सबैले आत्मसंयम, जिम्मेवारी र लोकतान्त्रिक आचरण प्रदर्शन गर्दै आचारसंहिता पालना गरौँ। यही बाटोले मात्र विश्वासयोग्य परिणाम र सुदृढ लोकतन्त्र सुनिश्चित हुनसक्छ।

# बुद्ध धर्ममा अनात्म (अनत्ता) को अवधारणा (भाग-२)



धर्म/समाज

- मेकना तामाङ

५. विज्ञान स्कन्धको सूक्ष्म व्याख्या

मूल अर्थः

विज्ञान भन्नाले चेतना, ज्ञान ग्रहण गर्ने क्षमता, वा अनुभवको माध्यमलाई बुझाउँछ। यो पञ्चस्कन्धको पाँचौं र अन्तिम स्कन्ध हो जसले अनुभव गर्ने चेतन तत्त्वलाई जनाउँछ। विज्ञानले आफैं कुनै जानकारी दिँदैन, तर जानकारी ग्रहण गर्ने "खाली चेतना" हो।

विज्ञानका छ प्रकार (इन्द्रियहरू अनुसार):

१. चक्षुर्विज्ञान (दृष्टि चेतना)
- आँखा र रूपबाट उत्पन्न हुने चेतना।
- उदाहरणः रातो रङ देख्दा "रातो देखियो" भन्ने साधारण चेतना।
- यो "रातो रङ राम्रो छ" भन्ने मूल्याङ्कन होइन।

२. श्रोत्रविज्ञान (श्रवण चेतना)
- कान र शब्दबाट उत्पन्न हुने चेतना।
- उदाहरणः आवाज सुन्दा "आवाज सुनियो" भन्ने चेतना।

३. घ्राणविज्ञान (घ्राण चेतना)
- नाक र गन्धबाट उत्पन्न हुने चेतना
- उदाहरणः गन्ध आउँदा "गन्ध आयो" भन्ने चेतना।

४. रसनाविज्ञान (स्वाद चेतना)
- जिभ्रो र रसबाट उत्पन्न हुने चेतना।
- उदाहरणः स्वाद आउँदा "स्वाद आयो" भन्ने चेतना।

५. कायविज्ञान (कायिक चेतना)
- शरीर र स्पर्शबाट उत्पन्न हुने चेतना।
- उदाहरणः स्पर्श भएमा "स्पर्श भयो" भन्ने चेतना

६. मनोविज्ञान (मानसिक चेतना)
- मन र धर्म (मानसिक वस्तु) बाट उत्पन्न हुने चेतना।
- उदाहरणः विचार आएमा "विचार आयो" भन्ने चेतना।

विज्ञानको काम गर्ने प्रक्रियाः

१. इन्द्रिय + वस्तु + विज्ञान = अनुभव
- उदाहरणः आँखा (इन्द्रिय) + फूल (वस्तु) + दृष्टि चेतना (विज्ञान) = फूल देख्ने अनुभव

२. खाली दर्पण जस्तो
- विज्ञान दर्पणजस्तो छ जसमा वस्तुको प्रतिबिम्ब मात्र पर्छ।
- उदाहरणः दर्पणमा रातो वस्तु पर्दा दर्पण रातो देखिन्छ, तर दर्पण आफैं रातो हुँदैन।

विज्ञानको स्वभावः

१. अनित्यता (क्षणिकता)
- प्रत्येक क्षण नयाँ विज्ञान उत्पन्न हुन्छ र लोप हुन्छ
- उदाहरणः फूल देखेको चेतना र आवाज सुन्ने चेतना अलग-अलग क्षणका हुन्।

२. अवलम्बनमा निर्भर (म्भउभलमभलत इचष्नष्लबतष्यल)
- विज्ञान स्वतन्त्र रूपमा उत्पन्न हुँदैन।
- सूत्रः इन्द्रिय + वस्तु + सम्पर्च = विज्ञान
- उदाहरणः आँखा बन्द गर्दा दृष्टि चेतना लोप हुन्छ

३. कर्मफलको भण्डार
- विज्ञानले कर्मको बीज बोक्छ
- उदाहरणः हरेक चेतनाले मनमा संस्कार छोड्छ जसले भविष्यलाई प्रभावित गर्छ

४. प्रवाहशीलता
- विज्ञान एउटा निरन्तर प्रवाह हो
- उदाहरणः नदीको धाराजस्तो, प्रत्येक क्षण नयाँ पानी तर हामी भन्छौं "यही नदी हो"

विज्ञानको विशेष भूमिकाहरूः

१. अनुभवको माध्यम
- विज्ञान बिना कुनै पनि अनुभव असम्भव
- उदाहरणः बेहोस व्यक्तिलाई आगोले टोक्दा पनि दुखको अनुभव हुँदैन (विज्ञानको अभावमा)

२. पुनर्जन्मको कड़ी
- मृत्युपछि विज्ञान नै अर्को जन्ममा जान्छ
- उदाहरणः दीपकबाट दीपक बाल्ने क्रियामा ज्वाला नै एकबाट अर्कोतिर जान्छ

३. स्मृतिको आधार
- विज्ञानले अनुभवलाई रेकर्ड गर्छ
- उदाहरणः कल्पना गर्न सक्नु भनेको पूर्व विज्ञानलाई फेरि उत्पन्न गर्नु हो

विज्ञान र अन्य स्कन्धहरूको सम्बन्धः

१. विज्ञान र रूप
- रूप बिना विज्ञान अन्धो हुन्छ
- उदाहरणः आँखा (रूप) नभएको व्यक्तिको दृष्टि विज्ञान काम गर्दैन

२. विज्ञान र वेदना
- विज्ञानले वेदनालाई अनुभव गराउँछ।
- उदाहरणः दुखाइ भएको विज्ञान नभए दुखाइको वेदना अनुभव हुँदैन

३. विज्ञान र संज्ञा
- विज्ञानले संज्ञालाई सञ्चालन गर्छ
- उदाहरणः "यो के हो?" भन्ने संज्ञाको लागि चेतना (विज्ञान) चाहिन्छ

४. विज्ञान र संस्कार
- विज्ञानमा संस्कार अङ्कित हुन्छ
- उदाहरणः हरेक क्रोधको चेतनाले क्रोधको संस्कार बलियो बनाउँछ

विज्ञानका तहहरू (स्तरहरू):

१. कामावचर विज्ञान (सामान्य चेतना)
- इन्द्रियहरूबाट सम्बन्धित चेतना
- उदाहरणः दैनिक जीवनका सबै अनुभवहरू

२. रूपावचर विज्ञान (रूप ध्यानको चेतना)
- रूप ध्यानको अवस्थामा हुने चेतना
- उदाहरणः प्रथम से लिएर चतुर्थ ध्यानसम्मको चेतना

३. अरूपावचर विज्ञान (अरूप ध्यानको चेतना)
- अरूप ध्यानको अवस्थामा हुने चेतना
- उदाहरणः आकाशानन्त्यायतन, विज्ञानानन्त्यायतन आदिको चेतना

ध्यानमा विज्ञानको अवलोकनः

१. विज्ञान-नुपस्सना
- चेतनालाई नै अवलोकन गर्ने
- उदाहरणः "देख्दै छु", "सुन्दै छु", "सोच्दै छु" भन्ने चेतनालाई हेर्ने

२. विज्ञानको उदय-व्यय
- चेतना कसरी उत्पन्न हुन्छ र लोप हुन्छ हेर्ने
- उदाहरणः आवाज सुनिएपछि चेतना कसरी उत्पन्न भयो र केही क्षणपछि कसरी लोप भयो हेर्ने

३. विज्ञानको अनात्म भाव
- चेतनामा "म" छैन भन्ने अनुभूति
- उदाहरणः "मैले देखेको" भन्नुको सट्टा "देख्ने चेतना उत्पन्न भएको" भनेर हेर्ने

व्यावहारिक उदाहरणः

चिया पिँध्ने क्रियामा विज्ञानको भूमिकाः

१. रूपः चियाको प्याला
२. वेदनाः तातोपनको सुखद अनुभूति
३. संज्ञाः "यो चियाको प्याला हो"
४. संस्कारः "चिया पिउने इच्छा"
५. विज्ञानः
- प्याला देख्ने चाक्षुष विज्ञान
- तातोपन महसुस गर्ने कायिक विज्ञान
- "पिउनु पर्छ" भन्ने मानसिक विज्ञान

विज्ञान र अनात्मः

१. विज्ञान अनात्म किन?
- विज्ञान स्वतन्त्र छैन (इन्द्रिय र वस्तुमा निर्भर)
- विज्ञान स्थायी छैन (क्षण-क्षणमा बदलिन्छ)
- विज्ञान नियन्त्रणमा छैन (स्वतः उत्पन्न हुन्छ)

२. विज्ञानलाई "म" नमान्ने
- "म देख्छु" भन्नुको सट्टा "देख्ने चेतना उत्पन्न हुन्छ" भन्ने बुझाइ
- उदाहरणः आइनामा आफूलाई देख्दा "मैले देखे" भन्नुको सट्टा "देख्ने चेतना र प्रतिबिम्बको सम्पर्क भयो" भनेर हेर्ने

महत्त्वपूर्ण बौद्ध सूत्रहरूः

१. "विज्ञानम अनिच्चम" - विज्ञान अनित्य छ
२. "यत् अनिच्चं तं दुखं" - जुन अनित्य छ, त्यो दुखदायी छ
३. "यत् दुखं तदनत्तं" - जुन दुखदायी छ, त्यो अनात्म छ

विज्ञानबाट मुक्तिको मार्गः

१. चित्तविउप्पाद (चित्तको उत्पत्ति बुझ्नु)
- चेतना कसरी उत्पन्न हुन्छ बुझ्नु
- यसले अविद्या (अज्ञान) कम गर्छ

२. चित्तनिरोध (चित्तको निरोध)
- चेतनाको प्रवाह रोक्न सिक्नु
- निरोध समापत्ति (चेतनाको अन्तराल)

३. पञ्चस्कन्धको खण्डन
- पाँचै स्कन्ध अनात्म छन् भन्ने प्रत्यक्ष अनुभूति
- यसले "म" भन्ने भ्रम नष्ट गर्छ

सारांशः

विज्ञान स्कन्ध पञ्चस्कन्धको अन्तिम तर सबभन्दा महत्त्वपूर्ण स्कन्ध हो। यो चेतनाको प्रवाह हो जसले हाम्रो सम्पूर्ण अनुभवलाई सम्भव बनाउँछ। विज्ञानलाई यथार्थ रूपमा बुझ्नाले नै हामी आत्मभ्रमबाट मुक्त हुन सक्छौं। यसलाई "म" भनेर नमानी, यसको उत्पत्ति, अवस्थिति र लोप हेर्न सिक्नु नै बुद्धिमत्ता हो।

"सब्बे धम्मा नालं अभ्हिनवाय" - सबै धर्म (तत्त्वहरू) आश्रय लिन योग्य छैनन्, विशेष गरी विज्ञानलाई "म" भनेर आश्रय लिनु हुँदैन। विज्ञानको सूक्ष्म अवलोकन नै अनात्मको प्रत्यक्ष अनुभूति हो, जसले निर्वाणको मार्ग खोल्छ।

*(यसअघि अर्थात् अंक २५ मा लेखक मेकना तामाङ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।)*


न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

पत्रिका प्राप्त नभएमा
९८२७२०१७१४




# ‘जनताको भोट खेर जान दिन्न’

खैरहनी । नेपाली कांग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नं १ को आयोजनामा शनिबार निर्वाचनकेन्द्रित विशेष भेला आयोजना गरिएको छ ।

भेलालाई सम्बोधन गर्दै कांग्रेसका केन्द्रीय सदस्य जीतनारायण श्रेष्ठले बदलिँदो परिवेशसँगै रुपान्तरणसहित देश बदल्ने संकल्प बोकेर कांग्रेस चुनावी मैदानमा होमिएको बताए । जनताको भरोसाको पार्टी बनेर देशको समुन्नतिका लागि सभापति गगनकुमार थापालाई प्रधानमन्त्रीका रुपमा अगाडि सारेर कांग्रेस एकढिक्का भएर अगाडि बढेको उनको भनाइ थियो ।

उनले नयाँ परिवर्तनसँगै पुरानो अनुभव भएका राजेन्द्रप्रसाद बुर्लाकोटीलाई क्षेत्र नं १ को उमेदवार बनाएर अगाडि बढेको र उनले यस क्षेत्रका मतदाताको आशा र अपेक्षा पूरा गर्नेमा आफू विश्वस्त रहेको बताए । कांग्रेस चितवनका सभापति राजेश्वर खनालले युगअनुरुप कांग्रेसमा रुपान्तरण भएको र सिंगो पार्टी अझै मजबुत भएर आफ्ना उमेदवारलाई जिताउन अगाडि बढेको बताए । दशकौँसम्म कांग्रेसमा रहेर इमानको राजनीति गरेका र सामाजिक क्षेत्रमा योगदान गरेका बुर्लाकोटीलाई क्षेत्र नं १ का मतदाताले न्याय गर्ने विश्वास व्यक्त गर्दै बधाई तथा शुभकामना दिए ।

कांग्रेसका उमेदवार राजेन्द्रप्रसाद बुर्लाकोटीले ‘बदल्यौं कांग्रेस, बदल्छौँ देश’ भन्ने नाराका साथ कांग्रेस चुनावमा होमिएको र स्थानीयका समस्यादेखि, विद्यार्थी, युवा-तरुण, किसान र जेनजीका समस्या निराकरणका लागि भावी प्रधानमन्त्री गगन थापाको नेतृत्वमा कांग्रेस सरकारमा जानुपर्ने बताए । देशलाई समृद्धिको दिशामा लैजान कांग्रेसका उमेदवारलाई जिताउनुपर्ने उनले बताए ।




आफूलाई पार्टीले उच्च मूल्याङ्कन गरेर मैदानमा उतारको बताउँदै आफूले जनताको भोट खेर जाने अवस्था आउन नदिन्ने बताए । उनले भने, मलाई पैसा कमाउनु छैन । ५० वर्षदेखि सामाजिक क्षेत्रमा योगदान दिँदै आएको मान्छे हुँ । मलाई कुनै पनि लोभ छैन ।’

कांग्रेस धादिङका सभापति एवम् पूर्वमन्त्री रामनाथ अधिकारीले राजेन्द्रप्रसाद बुर्लाकोटी आफ्नो मित्र एवम् राजनीतिक सहयात्री रहेको बताउँदै राजनीतिमा परिपक्व र समाजसेवामा प्रतिबद्ध रहेका बुर्लाकोटीलाई क्षेत्र नं १ का मतदाताले यसपटक न्याय गर्ने बताए । कुनै लोभ, मोह र व्यक्तिगत महत्वाकाङ्क्षा नभएका यस्ता व्यक्तिलाई विजयी गराउनु लोकतन्त्रकै जीत हुने उनको भनाइ थियो ।

क्षेत्र नं १ का क्षेत्रीय सभापति एवम् निर्वाचन परिचालन मूल समितिका संयोजक किरणभूषण ओलीको सभापतित्वमा सम्पन्न भेलामा कांग्रेस नेता एवम् पूर्वमन्त्री शेषनाथ अधिकारीले सचेत मतदाताले सुधारिएको कांग्रेसका उमेदवार हरुलाई मतदान गरी विजयी गराउनेमा आफू आशावादी रहेको बताए ।

क्षेत्रीय सचिव उमेश गिरीले सञ्चालन गरेको कार्यक्रममा जेनजी युवा नवीन थापाले परिवर्तनलाई आत्मसात् गरेको कांग्रेसका उमेदवारलाई जिताउन युवाको साथ र समर्थन रहने प्रतिबद्धता जनाए ।

# हातहतियार बुझाउन प्रशासनको अनुरोध

भरतपुर । जिल्ला प्रशासन कार्यालय चितवनले इजाजत प्राप्त हतियार स्थानीय प्रशासनलाई बुझाउन अनुरोध गरेको छ ।

प्रशासकीय अधिकृत मदन लामा थिङले एक सूचना जारी गर्दै प्रतिनिधिसभाको निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण एवम् विश्वसनीय वातावरणमा सम्पन्न गर्न जिल्लाभित्र रहेका इजाजत प्राप्त हातहतियार बुझाउन अनुरोध गरेका हुन् । प्रशासनले १५ दिनभित्र नजिकको प्रहरी इकाइ तथा जिल्ला प्रहरी कार्यालदय चितवनमा हतियार बुझाउन अनुरोध गरेको हो ।

अनुमति प्राप्त गरी राखिएका हतियारबाट निर्वाचनको समयमा शान्ति सुरक्षामा खलल पुग्न सक्ने भन्दै प्रशासनले हतियार बुझाउन आग्रह गरेको हो । बुझाइएका हातहतियारहरु निर्वाचन कार्य सम्पन्न भएको एक महिनापश्चात् सम्बन्धित भनीलाई फिर्ता पाउने गरी सुरक्षित राखिने सूचनामा उल्लेख छ ।

## गैंडाकोट ...

महोत्सवले जिल्लाको आर्थिक क्षेत्रलाई चलायमान बनाउन सघाएको पाण्डेले बताए ।

पुस २५ देखि सुरू भएको महोत्सव शनिबार १६औं दिनमा समापन गरिएको हो ।

महोत्सवले जिल्लामा उत्पादन भएका कृषि तथा औद्योगिक उत्पादनको प्रवर्द्धन र बजारीकरणमा सघाएको संघका वरिष्ठ उपाध्यक्ष एवम् महोत्सव मूल संयोजक छवि कँडेलले बताए ।

“कृषि तथा उद्योगको क्षेत्रमा नवलपुर गण्डकी प्रदेशकै अग्रणी जिल्लाको रुपमा रहेको छ”, कँडेलले भने, “यस महोत्सवले यहाँको कृषि उपजलाई प्रवर्द्धन गर्न सघाउँदै कृषक र उद्यमीहरुको हौसला वृद्धि गरेको हामीलाई महसुस भएको छ ।”

महोत्सवका क्रममा कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले कृषकले उत्पादन गरेका बन्दा, गाजर, मुला, काउली, ब्रोकाउली, भेडेखुर्सानीसहितका कृषि उपजहरुको निःशुल्क प्रवर्द्धन गर्दै प्रदर्शनी गरिएको संघका अध्यक्ष एवम् महोत्सवका संरक्षक दीपक सापकोटाले बताए । महोत्सव समापनका क्रममा गैंडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारीले महोत्सवले गैंडाकोटको मात्रै नभई समग्र जिल्लाको धार्मिक, पर्यटकीय गतिविधि बढाएको बताए ।

**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**भरतपुर, चितवन**

**सूचना ! सूचना !! सूचना !!!**

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो । महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ । यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ । अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**

# स्वास्थ्य/खेलकुद



## दैनिक एक गिलास दुध खानुका यस्ता छन् फाइदाहरु

एजेन्सी / हुन त दुध पिउनु स्वास्थ्यको लागि निकै फाइदाजनक मानिन्छ । तर नेशनल इन्स्टिच्युट अफ आयुर्वेद, निखिल शर्माका अनुसार बिहानको तुलनामा राती दुध पिउँदा थुप्रै हर्मोनले प्रभावकारी रुपमा काम गर्दछ । विशेषगरी पुरुषमा यसको असर धेरै हुन्छ । थाहा पाउनुस् यसका ९ फाइदाः

यसकारण राती दुध पिउनुपर्छः

- दुधमा ट्रिप्टोफेन नामको तत्व पाइन्ट जसले शरिरलाई रिल्याक्स बनाउँछ । राती सुत्नुभन्दा पहिले दुध पिउँदा मिठो निन्द्रा लाग्छ ।

- राती दुध पिउँदा मेटाबोलिजमको प्रक्रिया तीब्र हुन्छ जसका कारण तौल तीब्र रुपमा कम हुन्छ ।

- दुध भारी हुन्छन् त्यसकारण बिहानको समयमा दुध पिउँदा कब्जियत हुनसक्छ । त्यसकारण विशेषज्ञ पनि राती दुध पिउने सल्लाह दिन्छन् ।



मिठो निन्द्रा लाग्नमा सहयोगीः

दुधमा पाइने ट्रिप्टोफेन नामक एमिनो एसिडले दिमागलाई शान्त बनाएर तनाव हटाउँछ । निन्द्रा राम्रो लाग्न सहयोग गर्दछ ।

पाचन क्रिया राम्रो बनाउन सहयोगीः

दुधमा पाइने पानीले ‘डाइजेस्टिभ ट्र्याक’ को सफाई गरेर बेलुका खाएको मसालेदार खानालाई पचाउन सहयोग गर्दछ ।

स्ट्रोकबाट बचाउः

जापानमा भएको सोधका अनुसार दुधमा पाइने क्याल्सियमले स्ट्रोकबाट बचाउँछ ।

रक्तचाप नियन्त्रणः

दुधमा पाइने क्याल्सियम, पोटासियम र म्याग्नेसियम जस्ता मिनरल्सले रक्तचापलाई नियन्त्रण गरेर उच्च रक्तचापको समस्याबाट जोगाउँछ ।

मांसपेशी बनाउनः

दुधमा सेसिन र ह्वे प्रोटिन हुन्छ जसले मांसपेशीलाई बलियो बनाउँछ । बडि बिल्डिङका लागि यिनै प्रोटिनको प्रयोग हुन्छ ।

बलियो हड्डीः

एक ग्लास दुधमा पुरुषको दैनिक आवश्यक पर्ने ३७ प्रतिशत क्याल्सिम हुन्छ । यसले हड्डी बलियो हुन्छ ।

ऊर्जावान् र ताजाः

दुधमा पाइने क्याल्सियम, सोडियम र पोटासियम जस्ता इलेक्ट्रोलाइट्सले शरिरलाई ऊर्जावान् र ताजा राख्न सहयोग गर्दछ ।

फ्याट बर्निङः

दुधमा पाइने क्याल्सियम, मिल्क प्राटिन्ससँग मिलेर फ्याट बर्निङ प्रक्रियालाई तीब्र बनाउँछ । यसले मोटोपनाबाट पनि बचाउँछ ।

## क्षयरोग ...

प्रोजेक्टका रुपमा चितवन र प्युठान जिल्लामा विराट नेपाल मेडिकल ट्रस्ट (बिएनएमटी नेपाल) र रोटरी क्लब अफ काठमाडौं मिड टाउनले आर्थिक सहयोग गर्दै आएको बताउँदै आगामी दिनमा स्थानीय तह र प्रदेशहरुबीच समन्वय गरी क्षयरोग नियन्त्रणका लागि बजेट बढाएर ७७वटै जिल्लामा कार्यक्रम अगाडि बढाउनुपर्नेमा जोड दिए । मेडिकल सिटीका रुपमा विकास भइरहेको चितवनमा ड्रग रेसिस्टेन्ट (डिआर) डिआर टिबी सेन्टर स्थापनाका लागि आफूले सक्रिय भूमिका खेल्ने प्रतिबद्धता उनले जनाए ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका वरिष्ठ छातीरोग विशेषज्ञ डा. नवीन प्रकाश शाहले क्षयरोगको उपचार गरेर मात्र नहुने भन्दै पाँच वर्षमाथिको निवारक उपचार गर्नका लागि लगानी बढाउनुपर्नेमा जोड दिए । डा. शाहले नेपालमा आर्थिक वर्ष २०८१-०८२ मा कुल ६७ हजार क्षयरोगी पत्ता लगाउनुपर्नेमा ३९ हजार १५१ जना अर्थात् ६० प्रतिशत मात्र उपचारको दायरामा आएको र डिआर टिबीका २४०० बिरामी पत्ता लाग्नुपर्नेमा ६२५ जना अर्थात् २५ प्रतिशत मात्र पत्ता लागेकोले क्षयरोग नियन्त्रणमा चुनौती बढेको बताए । यस्तै, सुषुप्त अवस्थामा रहेको ल्याटिन टिबीका ४५ प्रतिशत बिरामी लुकेर रहेकाले उनीहरुको खोजी गरी उपचार गर्नुपर्ने उनको भनाइ थियो ।

स्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरेले क्षयरोग अन्त्य गर्ने लक्ष्य हासिल गर्न चाँडो निदान गर्ने, उपचार गर्ने र सुषुप्त अवस्थामै रोकथामका कार्यक्रम गर्न आवश्यक रहेको बताए । स्वास्थ्य कार्यालय चितवनले सङ्क्रमित व्यक्तिको परिवारलाई लक्षित गरी स्क्रिनिङ कार्यक्रम गर्दै आएको जानकारी दिए । योजना कार्यशालाबाट प्राप्त सुझावअनुरुप कार्यान्वयनमा लाग्न र चितवनमा डिआर टिबी सेन्टर स्थापनाका लागि पनि आवश्यक पहल गरिदिन राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशकसँग आग्रह गरे ।

चितवनमा लागू भएको क्षयरोगको रोकथाममार्फत क्षयरोग अन्त्य गर्ने परियोजनाको विषयमा कार्यपत्र प्रस्तुत गर्दै जनस्वास्थ्य कार्यालय चितवनका टिबी फोकल पर्सन जयराम दुवाडीले चितवनमा १२९ वटा स्वास्थ्य संस्था, १०७ वटा डट्स सेन्टर र तीनवटा डिआर सबसेन्टरमार्फत टिबीको उपचार भइरहेको बताए ।

उनका अनुसार चितवनमा आर्थिक वर्ष २०८१-०८२ मा १०८९ जना सक्रिय क्षयरोगी दर्ता रहेका छन् । जसमा भरतपुर महानगरमा ५७०, रत्ननगर नगरपालिकामा १३४, राप्ती नगरपालिकामा १०६, खैरहनी नगरपालिकामा १०२, कालिका नगरपालिकामा ९१, माडी नगरपालिकामा ४८ र इच्छाकामना गाउँपालिकामा ३८ जना रहेका छन् । चितवनमा तीन प्रकारका क्षयरोगीले उपचार गराइरहेकामध्ये पिबिसी केसका ५९९, पिसिजी केसका २७१ र इपिसी केसका २१९जना रहेको टिबी फोकल पर्सन दुवाडीले जानकारी दिए ।

कार्यक्रममा बिएनएमटी नेपालका प्रबन्ध निर्देशक रघु धितालले क्षयरोगको रोकथाम गर्ने लक्ष्यअनुसार उच्च जोखिममा रहेका ल्याटिन टिबीका १५०० जनालाई थ्रिएचपी औषधि, यातायात खर्चसहित उपचार गराउँदै आएको बताए ।

कार्यक्रममा प्युठानमा लागू भएको क्षयरोगको रोकथाममार्फत क्षयरोग अन्त्य गर्ने परियोजनाको विषयमा स्वास्थ्य कार्यालय प्युठानका प्रमुख नरेश श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए । उनले भौगोलिक जटिलता भएको प्युठानका केही पालिकामा क्षयरोगको खोजपड्ताल कार्य गर्न समस्या रहेको बताए ।

कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालय दाङका जनस्वास्थ्य प्रशासक डा. अच्यूत शर्मा, स्वास्थ्य मन्त्रालय बागमतीका योजना, मूल्याङ्कन तथा अनुगमन शाखा प्रमुख कपिल तिम्सिना, बकुलहर रत्ननगर अस्पतालका टिबी फोकल पर्सन डा. शशांककुमार सिंह, शिवनगर स्वास्थ्यचौकी इन्चार्ज भानुशङ्कर पौडेल, खैरहनी नगरअस्पतालका डा. सरिता गौतम बर्तौला, टिबी फोकल पर्सन पिताम्बर पन्त, मङ्गलपुर स्वास्थ्यचौकीका सरिता तिवारी, कविलास स्वास्थ्यचौकीका अशोककुमार भुजेल, भण्डारा नगर अस्पतालका डा काजोल पाण्डे, रोटरी क्लब अफ काठमाडौं मिड टाउनका पूर्वअध्यक्ष फोकल पर्सन पारस राणालगायतले आआफ्नारायसुझाव व्यक्त गरेका थिए । कार्यक्रममा क्षयरोगको औषधि सेवनपश्चात् स्वास्थ्यलाभ गरेका अभियन्ताहरुले आआफ्ना अनुभव सुनाएका थिए ।

# चितवन राष्ट्रिय निकुञ्जमा निर्वाचनकेन्द्रित सुरक्षा सतर्कता

भरतपुर। प्रतिनिधिसभा निर्वाचन २०८२ को मिति नजिकिँदै जाँदा चितवन राष्ट्रिय निकुञ्जभित्र चोरी सिकारी हुनसक्ने जनाउँदै उच्च सतर्कता बढाएको छ। निर्वाचनका समयमा नयाँ मानिसहरूको आवतजावत बढ्ने र चोरी सिकारी हुनसक्ने भएकाले उच्च सतर्कता अपनाइएको हो।

निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार अहिले स्थानीय, सरोकारवाला निकायहरूसँगको सहकार्यमा सुरक्षा व्यवस्था मिलाइएको छ। निकुञ्ज सुरक्षार्थ खटिएका नेपाली सेना, निकुञ्ज प्रशासनले आन्तरिक तथा बाह्य सुरक्षाको व्यवस्था गरेको छ। निर्वाचन लागेपछि चोरी सिकारीको खतरा बढ्ने भएकाले निकुञ्जले त्यहीअनुसार व्यवस्थापन गरेको उनले बताए। निकुञ्ज क्षेत्रको कोर इलाकाभित्र र मध्यवर्ती एवं आसपासका क्षेत्रमा सुरक्षा व्यवस्था बलियो बनाइएको छ।

उनका अनुसार चोरी सिकारी नियन्त्रण युवा जागरण अभियान, मध्यवर्ती सामुदायिक वनका पदाधिकारी तथा कर्मचारी र स्थानीयलाई निर्वाचनको समयमा सजग हुन आग्रह गरिएको छ। उनले भने, "प्रतिनिधिसभा निर्वाचनको समयमा निकुञ्ज सुरक्षाका लागि हामी तयार छौं।" निकुञ्जभित्र र आसपासका क्षेत्रमा गस्ती बढाउने, एम्बुसिङ, स्विमिङलगायत कामलाई निरन्तर कायम राखिने छ। ९५२.६३ वर्ग किलोमिटरमा फैलिएको निकुञ्जमा २२ वटा मध्यवर्ती उपभोक्ता समिति छन्। निकुञ्जभित्र स्थायी ५७ वटा र अस्थायी तीनवटा पोष्ट छन्। उनले भने, "सबै पोष्टलाई उच्च सतर्कमा रहन भनिएको छ। कर्मचारी पनि सोहीअनुसार परिचालन गरिएको छ।"

पटिहानी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष साजनकुमार महतो निर्वाचन नजिकिएसँगै उपभोक्ता समितिले पनि उच्च सतर्कता अपनाएको बताउँछन्। निर्वाचनको समयमा नकारात्मक सोच राखेका व्यक्ति सलवलाउन सक्ने भएकाले सबै उपभोक्तासहितले आ-आफ्नो ठाउँबाट चनाखो भएर काम गरेको उनले बताए। उनले भने, "चोरी सिकारी हुनसक्छ कि भनेर निगरानी बढाइएको छ। चनाखो रहन सबै उपभोक्तालाई आग्रह गरिएको छ।" उपभोक्ता समितिहरू वन्यजन्तु संरक्षणका लागि सधैँ एक भएर काम गर्दै आएको उनको भनाइ छ।

अहिले निकुञ्ज क्षेत्रमा रहेका मध्यवर्ती उपभोक्ता समितिहरूको निर्वाचन पनि भइराखेकाले केही बढी सक्रियता बढेको छभने संरक्षण शिक्षाका बारेमा पनि ज्ञान दिइँदै आएको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्त निर्वाचनको समयमा सबैको ध्यान निर्बाचनतर्फ केन्द्रित हुँदा चोरी सिकार हुनसक्ने भएकाले पूर्वतयारी स्वरुप कडाइका साथ काम गरिएको बताउँछन्। उनले भने, "हामी सधैँ चनाखो अवस्थामा रहन्छौँ, यतिबेला थप चनाखो बनेका छौं।"

# अधिकार मञ्च र भूमि आयोगबीच छलफल

भरतपुर। जिल्ला भूमि अधिकार मञ्च चितवन र भूमि समस्या समाधान आयोग चितवनबीच बैठक तथा छलफल सम्पन्न भएको छ। बैठकमा आठ महिला र ९ पुरुष गरी १७ जना सहभागी थिए।

बैठक सञ्चालन तथा समापन जिल्ला भूमि अधिकार मञ्च चितवनका अध्यक्ष विकास प्रजाले गरेका थिए। कार्यक्रमको प्रमुख अतिथि भूमि समस्या समाधान आयोग चितवनका अध्यक्ष इमानसिंह मुक्तान रहेका थिए। विशेष अतिथिमा आयोगका विज्ञ सदस्य लक्ष्मीकान्त ज्ञवाली र राष्ट्रिय भूमि अधिकार मञ्चको तर्फबाट केन्द्रीय कोषाध्यक्ष पार्वती थामी सहभागी थिइन्।

छलफलमा राष्ट्रिय भूमि अधिकार मञ्चले विगत दुई दशकदेखि सञ्चालन गर्दै आएको अभियान, आन्दोलन तथा जग्गा प्राप्तिको लागि गरिएको संघर्षबारे आयोगलाई जानकारी गराउने विषय समेटिएको थियो। पटकपटक गठन भएका आयोगहरुले सुकुमबासीलगायत विभिन्न प्रकृतिको जमिनमा बसोबास गर्दै आएका पीडित समुदायको लागि पाएको अधिकारअनुसार कामको प्रगति कहाँसम्म पुगेको छ र आगामी योजनाहरु केके छन् ? भन्ने विषय छलफलमा आएको थियो।

जिल्ला भूमि अधिकार मञ्च चितवनका अध्यक्ष विकास प्रजाले जिल्लामा भूमि अधिकारबाट वञ्चित भएका समुदायले भोगेको पीडाबारे बताएका थिए। राष्ट्रिय भूमिअधिकार मञ्चकी कोषाध्यक्ष पार्वती थामीले मञ्चले गरेका कामहरुको फेहरिस्त बताएकी थिइन्। जिल्ला मञ्चका सल्लाहकार यज्ञ परियार, कोषाध्यक्ष फूलमती प्रजा, हीरा नेपाली, जगराय चेपाङलगायतले आफ्नो पीडा सुनाएका थिए।

आयोगका विज्ञ सदस्य लक्ष्मीकान्त ज्ञवालीले आयोगको कामबारे बताए। जिल्ला आयोगकका अध्यक्ष इमानसिंह मुक्तानले राष्ट्रिय भूमि अधिकार र मञ्चसँग सहकार्य गर्ने प्रतिबद्धता गरेका थिए। चितवनमा हालसम्म ५०८ भूमिहीन परिवारले लालपुर्जा पाइसकेका छन्।

## हर्षोल्लासका ...

महासंघ (नेफिन) चितवनका अध्यक्ष सागर कुमालले चितवनको कुल जनसङ्ख्यामध्ये करिब ४५ प्रतिशत आदिवासी जनजातिले बसोवास गर्दै आएको बताउँदै सांस्कृतिक हिसाबमा पनि चितवन धनी रहेको बताए। यसको संरक्षण र जगेर्ना गर्नका लागि समुदायस्तरबाटै प्रयास थालिनुपर्ने उनले सुझाव दिए।

कार्यक्रममा राष्ट्रिय कलाकार फूलकुमार बमजन, सेलो गायक मदन घलान लगायत स्थानीय कलाकारहरुको बेजोड प्रस्तुति रहेको थियो। उनीहरुले गुम्बाको प्राङ्गणमा सम्पन्न गरिएको उक्त कार्यक्रममा दर्शकहरुलाई भरपुर मनोरन्जन दिलाएका थिए। कार्यक्रममा दर्शकहरुको उपस्थिति बाक्लो रहेको थियो भने कलाकार हरुको गायनसँगै उनीहरु झुमेका थिए। समाजका अध्यक्ष लामाले कार्यक्रमका प्रमुख अतिथि, अतिथिहरु र कलाकारहरुलाई मायाको चिनो प्रदान गरेका थिए।

कार्यक्रममा समाजका संस्थापक अध्यक्ष दिलमाया लामा, पूर्वअध्यक्ष गंगा लामा, निवर्तमान अध्यक्ष पासाङ तामाङ, महिला उपाध्यक्ष सरिता लामा, म्हाणिपा आमा समूहका अध्यक्ष चिनीमाया पाख्रिन, अधिवक्ता अजयकुमार तामाङगायतको उपस्थिति रहेको थियो।


भरतपुर नगर तामाङ समाजका अध्यक्ष सूर्यप्रकाश लामाको अध्यक्षतामा सम्पन्न भएको थियो। उपाध्यक्ष नीरकुमार लामाको स्वागत मन्तव्य रहेको कार्यक्रममा पूर्व मिस तामाङ रिया लामाले सञ्चालन गरिन्।

भरतपुर नगर तामाङ समाज कार्यक्रमको आयोजक रहेको थियो भने सहआयोजकहरुमा दुधपोखरी बौद्ध समाज गुठी, छे च्यु थर्पलिङ गुम्बा, मञ्जुश्री म्हाणिपा आमा समूह, पाख्रिन समाज गुठी, जिम्मा समाज गुठी, योञ्जन समाज गुठी, गोले समाज गुठी, दोङ समाज गुठी, ला लुङ्वा समाज गुठी, बमजन समाज गुठी थिए।

गुम्बामा विगत १७ वर्षदेखि भरतपुरका तामाङ समुदायले महान पर्व सोनाम ल्होछार मनाउँदै आएको छ।

विज्ञापन गर्नु परेमा
सम्पर्क :
९८४५०६७४१४
९८४५२०५९२०

# फिल्म/मनोरञ्जन



## बक्स अफिसमा 'गोबर गणेश"को दबदबा

काठमाडौं। माघे संक्रान्तिको दिन तीन चर्चित कलाकारका फिल्मबीच बक्स अफिसमा प्रतिस्पर्धा भएको थियो। सो मितिमा दयाहाङ राई अभिनीत ' मिरमिरे', सौगात मल्ल अभिनीत 'भाइरल गोर्खे' र मरिचमान श्रेष्ठ 'बल्छी धुर्वे' अभिनीत तथा निर्देशित फिल्म 'गोबर गणेश' एकैसाथ प्रदर्शनमा आएका थिए। तर, यी तीनवटै फिल्म अपेक्षित रूपमा व्यापार गर्न असफल भएका छन्।

रोचक चाहिँ के छ भने 'सुपरस्टार' कहलिएका




दयाहाङ र सौगातको फिल्ममाथि घरेलु बक्स अफिसमा 'बल्छी धुर्वे'को फिल्म हाबी देखिएको छ। 'मिरमिरे' र 'भाइरल गोर्खे'ले व्यापारभन्दा लगभग दोब्बर कमाइ ' गोबर गणेश'ले गरेको छ। चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको बक्स अफिस विवरणमा यो फिल्मको १० दिनको कुल व्यापार १ करोड १४ लाख रुपैयाँ ग्रस छ।

'मिरमिरे' र 'भाइरल गोर्खे'ले भने १० दिनमा ४० लाख पनि कमाएका छैनन्। 'भाइरल गोर्खे'ले १० हजार ६०५ वटा टिकट बिक्री गर्दै ३४ लाख ५३ हजार ग्रस कमाएको छ भने १० हजार ८१३ वटा टिकट बिक्रीसहित 'मिरमिरे'ले ३३ लाख ७२ हजार रुपैयाँ ग्रस व्यापार गरेको छ। यसरी हेर्दा यी दुई फिल्मले कलाकारलाई तिरेको पारिश्रमिक पनि उठाउन नसक्ने देखिन्छ।

बोर्डले गत पुष ४ गते प्रदर्शन भएको कलाकार अर्जुन घिमिरे 'पाँडे' निर्देशित फिल्म 'झरीपछिको इन्द्रेणी'को पनि बक्स अफिस विवरण सार्वजनिक गरेको छ। यसले माघ १० गते शनिबारसम्म ३९ हजार २१७ वटा टिकट बिक्री गर्दै १ करोड २३ लाख ८८ हजार ८२९ रुपैयाँ ग्रस कमाइ गरेको छ। यो फिल्म व्यावसायिक रूपमा असफल भइसकेको छ।

## "कल्ली"मा आइटम डान्स गर्दै पूजा

काठमाडौं। आगामी फागुन १ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'कल्ली'मा अभिनेत्री पूजा शर्माले आइटम डान्स गरेकी छन्। उनले फिल्ममा आइटम डान्स गरेको यो पहिलो पटक हो। यसै साता काठमाडौंको चोभारमा दुई दिन छायांकन भएको फिल्मको 'क्या



राम्री' बोलको गीतमा आशिष अविरलको संगीत र मेलिना राईको स्वर रहेको छ। रामजी लामिछानेले गीतको कोरियोग्राफी गरेका हुन्।

गीतमा पूजासँगै उत्तम प्रधान, किरण श्रेष्ठ र सुलक्षण भारतीले पनि नृत्य गरेका छन्। अर्थात् दर्शकले उत्तम र पूजालाई गीतमा एकसाथ देख्न पाउनेछ। यो गीत खिचिएसँगै फिल्मको सम्पूर्ण छायांकन पूरा भएको छ। गीतसहित ६० दिनमा फिल्मको छायांकन सकिएको निर्माता किरण नेपालीले जानकारी दिए। यसअघि जुम्ला जिल्लामा फिल्मको छायांकन गरिएको थियो।

लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा उत्तम प्रधान, सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, सुलक्षण भारती, नाजिर हुसेन, वर्षा राउत, बेगम नेपाली, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, अर्जुन गुरुङ, गीता अधिकारी लगायतको अभिनय रहेको छ। बाल कलाकारहरूमा उपेश ढकाल, मञ्जिला बाँनिया र समर्पण खतिवडा छन्।

लेकाली इन्टरटेन्मेन्ट र कस्तुरी प्रोडक्सनको सहकार्यमा निर्माण भएको फिल्ममा निर्देशक सुनारको कथा, महेश दवाडीको पटकथा तथा संवाद, निसाल पौडेलको डीओपी, मिलन श्रेष्ठको सम्पादन, आशिष अविरल, सरित राई र केतन क्षेत्रीको संगीत तथा एनवी महर्जनको द्वन्द्व निर्देशन रहेको छ। फिल्मले मान्छेभित्रको देउता र राक्षसीपनको कथा भन्नेछ।

*- फिल्मीखबरबाट।*

"तपाईंको सेवामा, आजै कल गर्नुहोस्"





❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईंट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।
सम्पर्क : ९८२७२०१७१४

# दुई निकुञ्जमा बाघ गणनाको दुई भाग सम्पन्न

भरतपुर । चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा गत पुस ३ गतेदेखि सुरू भएको बाघ गणनाको दोस्रो भागको काम सकिएको छ । चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर गाणना गरिँदैछ। यसभित्र तीन भाग बनाइएको थियो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार दोस्रो भागकोसमेत गणना सकेर क्यामेरा निकाल्ने काम सुरू गरिएको छ । तालिम दिएका १५० गणकहरू गणनामा खटिएका छन् ।



दोस्रो भागमा १३ क्याम्प बनाएर गणक खटिएको निकुञ्जका सूचना अधिकारी मगरले बताए। यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर, हुँदै, बोटे सिमारा, स्वमेश्वर, बगइ, अम्बुवा हुँदै सिकारी बाससम्मको क्षेत्रमा क्यामेरा जडान गरेर गणना गरिएको थियो । ती क्यामेरा निकाल्न थालिएको हो ।

सो भागलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिएको थियो। एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखेर बाघ गणना गरिएको हो । मगरका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखेर बाघ गणना गरिने छ। तेस्रो भागअन्तर्गत पर्सा राष्ट्रिय निकुञ्जमा क्यामेरा रखिने छ। दोस्रो भागमा राखिएका क्यामेरा उठाएर ती क्षेत्रमा राखिने उनले जानकारी दिए ।

चितवन-पर्सा ब्लकमा ९५८ वटा ग्रिड बनाएर बाघ गणना गरिँदै छ । यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गर्न लागिएको हो । यसँगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि बाघ गणना गरिँदै छ ।

तीन महिना लगाएर बाघ गणना गर्न लागिएको सूचना अधिकारी मगरले बताए। हरेक चार वर्षमा बाघ गणना गरिँदै आइएको छ। निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंमसेवी, विद्यार्थी र संरक्षणका साझेदार गणनामा सहभागी भएका छन्। ग्रिडहरूको बीचभागमा पर्ने ठाउँमा गणना गर्ने प्राविधिक क्याम्प खडा गरेर बस्ने गरेका छन् ।

गणकहरूले भूगोल अनुसार आठदेखि बाह्रसम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने सूचना अधिकारी मगरले जानकारी दिए । "ग्रिडबाट क्यामेरा निकालेपछि अध्ययन थालिने छ । बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेरा राखिने छ। ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ", उनले भने ।

बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा संख्या छुट्याइने उनले बताए । उनका अनुसार हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन्। यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वयस्क बाघ रहेका तथ्याङ्क सार्वजनिक भएको थियो ।

सो गणनामा चितवनमा एक सय २८, बर्दिया निकुञ्जमा एक सय २५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ भेटिएका थिए ।

# भरतपुर अस्पतालमा डा. पौडेलको नेतृत्व

भरतपुर । नेपालको मध्य भागमा अवस्थित चितवनको भरतपुर महानगरपालिकास्थित भरतपुर अस्पताललाई शैक्षिक, अनुसन्धान तथा विशिष्ट उपचार सेवाको राष्ट्रिय केन्द्रका रूपमा विकास गर्ने महत्त्वाकाङ्क्षी पहल सुरु भएको छ ।

भरतपुर अस्पतालमा २०५९ देखि २०६८ सालसम्म सेवा प्रदान गरिसकेका डा. ढुण्डीराज पौडेल हालै स्वास्थ्य मन्त्रालयद्वारा रिक्त रहेको भरतपुर अस्पताल विकास समितिको अध्यक्ष पदको जिम्मेवारी पाएका हुन् । केन्द्रीय अस्पताल वीरबाट करिब ६.५ वर्षअघि सेवा निवृत्त भई हाल कोहलपुरस्थित मेडिकल कलेजमा प्राध्यापकका रूपमा कार्यरत रहँदै आएका डा. पौडेलले यस जिम्मेवारीलाई चुनौती र अवसर दुवै का रूपमा लिएका छन् ।

केन्द्रीय संघीय क्यान्सर अस्पताल, दुई निजी मेडिकल कलेजजस्ता संस्थाहरूको उपस्थिति हुँदाहुँदै पनि भरतपुर अस्पतालमा दैनिक करिब २५०० भन्दा बढी बिरामी ओपीडी सेवा लिने गरेका छन् । ६०० शैयूयाको अस्पतालमा ९० प्रतिशतभन्दा बढी बेड अकुपेन्सी, २०० भन्दा बढी चिकित्सकहरूद्वारा सामान्य, विशिष्ट तथा अतिविशिष्ट सेवा, साथै अन्य संस्थाहरूद्वारा समेत उपयोग भइरहेको पर्याप्त जमिन उपलब्ध हुनुजस्ता कारणहरूले यो अस्पताललाई शैक्षिक तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्न उच्च सम्भावना रहेको देखिन्छ । यी आधारहरूलाई मध्यनजर गर्दै डा. पौडेलको नेतृत्वमा भरतपुर अस्पताललाई एमबिबिएस, एमएड, एमडी, डीएम, एमसिएच लगायतका शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्ने गरी छुट्टै ऐन/कानुनी प्रबन्धसहित राष्ट्रिय चिकित्सा विज्ञान संस्थान र भरतपुर शिक्षण अस्पताल तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने प्रस्ताव तयार पारिँदै छ ।

स्रोत, साधन, सामर्थ्य र औचित्यका दृष्टिले यो पहल आवश्यक मात्र नभई कर्तव्यसमेत भएको बताउँदै डा. पौडेलले आफ्नो नियुक्तिको सार्थकता यही लक्ष्य प्राप्तिमा निर्भर रहने स्पष्ट पारेका छन्। उनले यस महान् उद्देश्यका लागि विगतदेखि सहयोग, हौसला र प्रेरणा प्रदान गर्दै आएका सबै सरोकारवालाबाट निरन्तर सहयोगको अपेक्षासमेत व्यक्त गरेका छन् ।

यदि यो लक्ष्य हासिल हुन सकेमा भरतपुर अस्पतालले राष्ट्रियस्तरमै शिक्षा, उपचार र अनुसन्धानको एक सशक्त केन्द्रको रूपमा नयाँ पहिचान स्थापित गर्ने विश्वास गरिएको छ ।

# सुन तोलामा ३ लाख १० हजार, हालसम्मकै उच्च

नारायणगढ । नेपाली बजारमा सुनको मूल्यले नयाँ कीर्तिमान कायम गरेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबार सुनको मूल्य तोलामा ३ लाख ९ हजार रुपैयाँ पुगेको छ ।

महासंघका अनुसार सोमबार लागि छापावाल सुनको मूल्य तोलामा ३ लाख ९ हजार रुपैयाँ तथा १० ग्राममा २ लाख ६४ हजार ९२० रुपैयाँ निर्धारण गरिएको हो । यसअघि आइतबार सुनको मूल्य तोलामा ३ लाख ३ हजार ८ सय रुपैयाँ रहेको थियो। एकै दिनमा सुनको मूल्य तोलामा ५ हजार २ सय रुपैयाँले बढेको हो । कायम मूल्य हालसम्मकै उच्च हो ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नु, अमेरिकी डलरको विनिमय दरमा उतारचढाव तथा भू-राजनीतिक अस्थिरताका कारण नेपाली बजारमा पनि सुनको मूल्यमा वृद्धि भएको जनाइएको छ।

यसैगरी, चाँदीको मूल्य पनि बढेको छ । महासंघका अनुसार चाँदीको मूल्य तोलामा ६ हजार ७ सय ६५ रुपैयाँ तथा १० ग्राममा ५ हजार ८ सय रुपैयाँ कायम गरिएको छ। यसअघि चाँदीको मूल्य तोलामा ६ हजार ४ सय ८० रुपैयाँ रहेको थियो ।

# कांग्रेसकी देवकोटा र एमालेका दङ्गाल विजयी

भरतपुर । राष्ट्रिय सभाको आइतबार सम्पन्न निर्वाचनमा बागमती प्रदेशबाट महिलातर्फ नेपाली कांग्रेस र नेकपा (एमाले) का उम्मेदवार विजयी भएका छन् । कांग्रेस उम्मेदवार गीता देवकोटा र एमाले उम्मेदवार प्रेमप्रसाद दङ्गाल विजयी भएका छन् ।

कांग्रेसकी देवकोटाले ६ हजार २३९ मतभार प्राप्त गरिन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) की सरोजकुमारी झाले दुई हजार ५२२ मतभार प्राप्त गरिन् । नेपाल मजदुर किसान पार्टीकी कविता महर्जनले १९७ मतभार प्राप्त गरे ।

यसैगरी नेपाली कांग्रेस र नेकपा (एमाले) का गठबन्धनका साझा उम्मेदवार एमालेका प्रेमप्रसाद दङ्गालले ६ हजार २०५ मतभार प्राप्त गरी विजयी भए । उनका निकटतम प्रतिस्पर्धी नेकपाका प्रेमप्रसाद सापकोटाले दुई हजार ५४१ मतभार तथा नेपाल मजदुर किसान पार्टीका विक्रम ढुकुछुले १९७ मतभार प्राप्त गरेको प्रमुख निर्वाचन अधिकृत गीता श्रेष्ठले जानकारी दिइन् ।

न्यूजप्रवाह साप्ताहिकको खबर अब जस्ताको तस्तै हेर्न तलको लिंक खोल्नुहोस
https://newsprabah.com/e-paper/






## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| **आकस्मिक एम्बुलेन्स सेवा** | |
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |
| **अस्पताल काठमाडौं** | |
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |
| **अस्पताल चितवन** | |
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |
| **प्रहरी प्रशासन** | |
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |
| **पत्रपत्रिका/सञ्चार** | |
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६११६ |
| कालिका एफ.एम. | ५२०१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका प्राप्त नभएमा**
**९८२७२०१७१४**

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** – यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** – यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन** – यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** – यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** – रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** – यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** – यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक** – आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** – यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** – शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** – यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** – यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# चितवनलाई आर्थिक विकासको केन्द्र बनाउने रेनुको घोषणा

भरतपुर। नौ वर्षको कार्यकालमा भरतपुरमा विकास मोडल दिन सफल भएकी महानगरकी निवर्तमान मेयर



रेनु दाहालले चितवन जिल्लालाई आर्थिक विकासको केन्द्र बनाउने घोषणा गरेकी छन्।

आसन्न प्रतिनिधिसभा सदस्यका लागि चितवन क्षेत्र नं ३ बाट नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट उम्मेदवारी दिएकी दाहालले भरतपुरलाई झल्झल्ल र हरियाली बनाएपछि सिंगो चितवनलाई नमुना जिल्ला बनाउन जनमत सङ्कलन गर्दै हिँडेको बताएकी छन्। नेतृ दाहालले शुक्रबार नेकपा क्षेत्र नं ३ को गीतानगर बजारमा स्थापना गरिएको पार्टी कार्यालयको उद्घाटन समारोहमा सो विचार व्यक्त गरेकी हुन्।

चुनाव जितेपछि चितवनलाई वैकल्पिक राजधानी बनाउने अठोट लिएको बताउँदै उनले भनिन्, 'तपाईंहरुले भोट हालेर मलाई जिताउनुभयो भने चितवनलाई आर्थिक विकासको केन्द्र र व्यापारिक केन्द्र बनाउने प्रतिबद्धता व्यक्त गर्दछु।' चितवनलाई मेडिकल सिटी, कृषि-पर्यटकीय क्षेत्रको रुपमा अगाडि बढाएको बताउँदै उनले थपिन्, 'अब चितवनलाई औद्योगिक क्षेत्रको रुपमा विकास गर्नुपर्छ।'

आफ्नो दुई कार्यकालमा भरतपुरलाई हरियाली सहर, उज्यालो सहर र ६ लेनको सडकको बिस्तार गहरेको चर्चा गर्दै दाहालले अगाडि बढेर भनिन्, 'अब मेरो काँधमा निर्माणाधीन भरतपुर सिटी हल, अन्तर ाष्ट्रिय गौतमबुद्ध रंगशाला र अधुरा रहेका राष्ट्रिय गौरवका योजना पूरा गर्ने जिम्मेवारी थपिएको छ।'


भरतपुर अस्पताललाई केन्द्री अस्पतालको रुपमा विकास गरेको बताउँदै उनले उच्च सेवासुविधा विस्तार गरेर शिक्षण अस्पतालको रुपमा विकास गर्ने बताइन्।' स्थानीय सरकारको अनुभव लिएर राष्ट्रिय राजनीतिमा अघि बढ्न थालेको बताउँदै दाहालले थपिन्, 'भरतपुरले मलाई चिनायो, मैले भरतपुरलाई देश विदेशमा चिनाएँ।'कमाकाम

# अण्डाको माग बढ्यो, मूल्यवृद्धि उच्च

भरतपुर। प्रतिनिधिसभाको निर्वाचन नजिँकिदै जाँदा अण्डाको माग बढेसँगै अण्डाको मूल्य पनि क्रमशः बढ्दै गएको छ। नेपाल लेयर्स कुखुरापालक संघले आइतबार-देखि लागू हुनेगरी अण्डाको मूल्यमा वृद्धि गरेको हो।

यसअनुसार ठूलो अण्डा एक क्रेट (३० वटा)को फार्म मूल्य रू चार सय ९५ पुगेको छ। यसअघि प्रतिक्रेट रु चार सय ६५ मा बिक्री गरिएको ठूलो अण्डाको मूल्य रू ३० ले बढेको हो। यस्तै मझौला अण्डाको फार्म मूल्य रु चार सय ७५ कायम गरिएको छ। यसअघि यो अण्डा रू चार सय ४५ मा बिक्री हुँदै आएको थियो।

गत मङ्सिरमा अण्डाको मूल्य हालसम्मकै उच्च भएको थियो। तत्कालीन समयमा फार्ममा ठूलो अण्डा रू पाँच सय ६५ प्रतिक्रेटमा बिक्री भएको थियो। मझौलाको रेट रू पाँच सय ५० थियो। संघका अध्यक्ष विनोद पोखरेलका अनुसार नेपालमा निर्वाचनको माहोल बन्नु, निर्वाचनसँगै सीमा क्षेत्रमा भएको कडाइका कारण अण्डाको मूल्यमा वृद्धि भएको हो।



अण्डा उत्पादन गर्ने कुखुरामा कमी आउँदा अण्डा उत्पादन कम हुनु, बन्द भएका विद्यालयहरू खुल्नुलगायत कारणले अण्डाको मूल्यमा क्रमिक सुधार आउन लागेको हो। अण्डाको उत्पादन लागत मूल्य प्रतिगोटा १९ रूपैयाँ १२ पैसा पर्न आउँछ। यसलाई हिसाब गर्दा किसानको लागत मूल्य प्रतिक्रेट पाँच सय ७४ रुपैयाँ छ पैसा पर्न आउँछ।

लागत मूल्य नजिक पुगेको अवस्थामा पुनः अण्डाको मूल्य घटेपछि किसान निरास बनेका थिए। अब मूल्य बढ्ने आशमा किसान रहेका छन्। संघले बजारको अवस्थाअनुसार अण्डाको समर्थन मूल्य तय गर्दै आएको छ।

## रत्ननगर...

बताए। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र एसपी गोविन्द पुरीको विशेष आतिथ्यता रहेको थियो।

संघका अध्यक्ष शंकर गिरीले रत्ननगर महोत्सवको १३औं संस्करण अहिलेसम्मकै उत्कृष्ट भएको दाबी गरे। 'जिल्लाको आर्थिक विकासमा महोत्सवले महत्त्वपूर्ण भूमिका खेलेको हामीले महसुस गरेका छौँ', उनले भने, 'यसको प्रभाव बिस्तारै देखिँदै जाने छ।' महोत्सवअन्तर्गत आयोजना गरिएको कृषि उत्पादन र बजारीकरण तथा युवा रोजगारसम्बन्धी कार्यशालाले एक खालको मार्गचित्र तयार भएको उनले बताए।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अनिलकृष्ण श्रेष्ठले निजी क्षेत्रले आयोजना गर्ने महोत्सव आर्थिक विकासको मेरूदण्ड रहेको भन्दै सरकारले उद्योग वाणिज्य संघको सिफारिसमा मात्र अन्य संघसंस्थामा महोत्सव आयोजनाको सिफारिस दिनुपर्ने बताए।

संघका वरिष्ठ उपाध्यक्ष निराजन खनालले महोत्सवप्रतिको जनआकर्षणले आफूहरुलाई उत्साहित बनाएको भन्दै अनुमान गरेको भन्दा बढीले अवलोकन र लक्ष्यभन्दा बढी कारोबार भएको बताए।

समापन कार्यक्रममा महोत्सवमा सहयोग गर्ने विभिन्न संघसंस्थालाई कदरपत्र, प्रतियोगितामा सहभागीलाई पुरस्कार, स्टेरिङ कमिटीलाई कदरपत्र तथा लोकगायक नेत्रजी पन्तलाई सम्मान गरिएको थियो। महोत्सवअन्तर्गत भजन, शङ्खध्वनि, महिला कबड्डी तथा अन्तरविद्यालयस्तरीय नृत्य प्रतियोगिता गरिएको थियो। बाल उद्यानमा जलपरीसँगै बालबालिकालाई लक्षित गरी काश्मीर भ्याली निर्माण गरिएको थियो। पर्यटन प्रवर्द्धनतर्फ खगरी खोलामा मोटरबोट सञ्चालन गरिएको थियो। महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका करिब ५०० स्टलहरु रहेका थिए।

महोत्सवअन्तर्गत पौष २९ देखि माघ ४ सम्म सौराहा चोकस्थित बसपार्कमा 'छैटौं रत्ननगर सांस्कृतिक खाना महोत्सव' आयोजना गरिएको थियो।

कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिँदै बृहत् कृषि प्रविधि प्रदर्शनीमा केरा, माछा, च्याउ, दुग्धजन्य पदार्थ, पोल्ट्री, मह र रैथाने बालीको प्रदर्शन तथा बजारीकरणलाई महोत्सवले प्राथमिकतामा राखेको थियो। संघका महासचिव उपेन्द्र शर्मा आचार्यले सञ्चालन गरेका थिए।


बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
हाम्रा सेवाहरू :
ना ४२ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।


# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


फोन : ९८४६४७५३४१
९८४६८५२९१५
गोरखा फेन्सी
भरतपुर-११, बसेनी





हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card | Wedding card | Number Plate
Color Print | Nylon Stamp | Bill/Receipt
Computer Design | Flex/Photo Print | All kinds of Printing Job